# अनिवार्य नेपाली विषयको पाठ्यक्रम
# २०६९

पाठ्यांश शीर्षक : अनिवार्य नेपाली (३०१)
तह : स्नातक
सत्र : पहिलो

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क : ३५
प्रतिहप्ता पाठघन्टी : ६
जम्मा पाठघन्टी : १५०

## १. पाठ्यांश परिचय

यो पाठ्यक्रम त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न सङ्कायका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न तयार पारिएको हो । यस पाठ्यक्रममा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, शब्द भण्डार, वाक्यतत्त्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठनबोध, व्यावहारिक लेखन तथा निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्य सामग्रीहरू समावेश गरिएका छन् ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित विशिष्ट भाषिक सिप आर्जन गर्न सक्षम हुने छन् :

- कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रूपको प्रयोग गर्न,
- नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरूको स्रोत, वर्ग र बनोट पहिचान गरी सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्न,
- तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा रूपान्तर गर्न तथा अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति आलेख र आरेखमा रूपान्तर गर्न,
- नेपाली वाक्यतत्त्वको स्वरूप पहिचान गरी वाक्यतत्त्वपरक रचना गर्न,
- पाठ वा पाठांशको सङ्कथन संरचना पहिल्याउन,
- वाङ्मयका विविध क्षेत्रका गद्यांशहरू पढी तिनमा आधारित बोधप्रश्नहरूको उत्तर दिन,
- सम्बद्ध गद्यांशको बुँदाटिपोट र संक्षेपीकरण गर्न,
- पाठ वा पाठंशका विषयवस्तुमा आधारित भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न,
- निर्धारित ढाँचामा आधारित भई व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न,
- विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेख्न,
- निर्धारित कविता, गीत/गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय | अङ्क | पा.ध. |
|---|---|---|---|
| • शब्दहरूको अक्षरीकरण गर्न,<br>• नेपाली वर्णविन्यास प्रयोग गर्न । | **एकाइ एक : अक्षरीकरण र वर्णविन्यास**<br>(क) शब्दहरूको अक्षरीकरण<br>(ख) नेपाली वर्णविन्यास | ५ | ७ |
| • नेपालीका विभिन्न स्रोतका शब्दको पहिचान गर्न, | **एकाइ दुई : नेपाली शब्दभण्डार**<br>(क) शब्दस्रोत र शब्दवर्ग | १० | १५ |

[signature]

| | | | |
|---|---|---|---|
| • शब्दवर्ग छुट्ट्याई शब्दको बनोट देखाउन,<br>• शब्दार्थ अनुसार शब्दहरूको प्रयोग गर्न । | (ख) शब्दबनोट<br>(ग) शब्दार्थ र शब्दहरूको प्रयोग (विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दको प्रयोग) र अभ्यास | | |
| • वर्णनात्मक प्रकृतिका स्वतन्त्र रचना निर्माण गर्न,<br>• निर्देशित रचना तयार गर्न<br>• वाक्य संश्लेषण गर्न | **एकाइ तिन : वाक्यतत्त्वपरक रचना**<br>(क) स्वतन्त्र रचना (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण अकरणका आधारमा वर्णन)<br>(ख) निर्देशित रचना (वाक्यान्तरण)<br>(ग) वाक्य संश्लेषण | १० | १५ |
| • शब्दहरूका व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन,<br>• अन्तर्वाक्यात्मक अर्थान्विति पत्ता लगाउन । | **एकाइ चार : सङ्कथन/ पाठको संरचना**<br>(क) व्याकरणिक संसक्ति<br>(ख) कोशीय संसक्ति | ५ | ८ |
| • नेपाली वाङ्मयका विभिन्न क्षेत्रसँग सम्बन्धित दृष्टांश र अदृष्टांश पाठ/पाठ्यांश तथा बोधात्मक प्रश्नको अभ्यास गर्न । | **एकाइ पाँच : पठनबोध**<br>नेपाली वाङ्मयका शिक्षा, अर्थव्यवस्था, भूगोल, ऊर्जा, वातावरण, जैविक विविधता, विज्ञान, प्रविधि, स्वास्थ्य, खेलकुद, भाषा साहित्य, सूचना, सञ्चार, समाज, संस्कृति, दर्शन, मनोविज्ञान, कानुन, कृषि, वन, जीवजन्तु र वनस्पति आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृष्टांश र अदृष्टांश पाठ वा पाठांशमा आधारित अनुमानात्मक, निष्कर्षात्मक, तथ्यात्मक, संरचनात्मक तथा समीक्षात्मक प्रकृतिका प्रतिक्रियामूलक तथा बहुवैकल्पिक बोध प्रश्नहरूको अभ्यास । | १०+५ | २२ |
| • तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा र अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखमा रूपान्तर गर्न | **एकाइ छ : सन्दर्भपूर्ण सूचनाको रूपान्तर**<br>(क) तालिकाको अनुच्छेदमा रूपान्तर र सूचनाको तालिकीकरण<br>(ख) चित्राकृति (वृत्ताकार र स्तम्भ) को अनुच्छेदमा रूपान्तर र सूचनाको चित्राकृति (वृत्ताकार र स्तम्भ) मा रूपान्तर<br>(ग) रेखाचित्रको अनुच्छेदमा रूपान्तर र अनुच्छेदको रेखाचित्रमा रूपान्तर<br>(घ) आरेखको अनुच्छेदमा रूपान्तर र अनुच्छेदका सूचनाको आरेखमा रूपान्तर | ५ | ८ |
| • विभिन्न अनुच्छेदबाट बुँदाटिपोट र सङ्क्षेपीकरण गर्न । | **एकाइ सात : बुँदाटिपोट र संक्षेपीकरण** | ५ | ७ |
| • विभिन्न प्रकृतिका स्वतन्त्र अनुच्छेद रचना गर्न | **एकाइ आठ : अनुच्छेद रचना**<br>(स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखन) | ५ | ८ |
| • विज्ञापन, सम्पादकलाई चिठी, शुभकामना, बधाई ज्ञापन, श्रद्धाञ्जली, समवेदना र | **एकाइ नौ : व्यावहारिक लेखन**<br>(क) विज्ञापन र सम्पादकलाई चिठी | ५ | ७ |

| | | | |
|---|---|---|---|
| व्यक्तिवृत्तका नमुना तयार गर्न । | (ख) शुभकामना, बधाई, श्रद्धाञ्जली/समवेदना<br>(ग) व्यक्तिवृत्त | | |
| • विभिन्न विषयसँग सम्बद्ध आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्न । | **एकाइ दश : निबन्ध लेखन**<br>आत्मपरक र वस्तुपरक / निबन्ध सिर्जना | ८ | १२ |
| • घटना, समारोह, भ्रमण, निरीक्षण जस्ता विषयमा प्रतिवेदन तयार गर्न । | **एकाइ एघार : प्रतिवेदन**<br>घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन लेखन | ७ | ११ |
| • कविता, गीत / गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन गरी तिनको आस्वादन गर्न । | **एकाइ बाह्र : साहित्यिक कृतिको अध्ययन**<br>(क) कविता/गीत/गजल<br>• माधव घिमिरे : तिम्रो र हाम्रो मन एक होओस्<br>• भूपि शेरचन : मेरो चोक<br>• हरिभक्त कटुवाल : भोलिको नेपाल<br>• दुर्गालाल श्रेष्ठ - मनको दैलो<br>• अमर गिरी - चराका गीतहरू<br>• धीरेन्द्र प्रेमर्षि - आँसु लुकाई परेलीमा<br>(ख) निबन्ध<br>• लक्ष्मीप्रसाद देवकोटा - के नेपाल सानो छ ?<br>• शंकर लामिछाने - गोधूलि संसार<br>• भैरव अर्याल - टाउको<br>• शारदा शर्मा : सुखसत्ता<br>(ग) कथा<br>• विश्वेश्वरप्रसाद कोइराला- एक रात<br>• राजेन्द्र विमल - लङ्का काण्ड<br>• पद्मावती सिंह - आरुको बोट<br>• ऋषिराज बराल - पछबरिया टोल<br>• महेशविक्रम शाह - गाउँमा गीतहरू गुन्जिँदैनन्<br>(घ) उपन्यास<br>• सरुभक्त - चुली<br>(ङ) नाटक<br>• विजय मल्ल - सत्ताको खोजमा<br>• कृष्ण शाह यात्री - पीडा आरोहण | २० | ३० |

४. शिक्षण विधिः कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजना कार्य आदिद्वारा अभ्यास गराइने छ ।

५. मूल्याङ्कन पद्धति : विद्यार्थीहरूले १०० पूर्णाङ्कको वार्षिक परीक्षा दिने छन् । विशिष्टीकरण तालिका (ग्रिड) मा दिइए अनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी १०० पूर्णाङ्कका विभिन्न प्रश्नहरू सोधिने छन् । शिक्षाशास्त्र सङ्कायका लागि ९० अङ्कका यही प्रकृतिका प्रश्नहरू र समग्र पाठ्यांशबाट अङ्क १ / १ का बहुवैकल्पिक १० वटा प्रश्न गरी जम्मा १०० पूर्णाङ्कका प्रश्नहरू सोधिनें छन् ।

पाठ्यपुस्तक

- अनिवार्य नेपाली स्थायी समिति, नेपाली साहित्यिक रचना (परिवर्तित दो.सं. २०६९), साझा प्रकाशन, काठमाडौं ।
- अनिवार्य नेपाली स्थायी समिति, त्रि.वि. पाविके, अनिवार्य नेपाली व्याकरण, बोध र रचना (प्रस्तावित) साझा प्रकाशन, काठमाडौं ।

सहायक सामग्री

- टङ्क न्यौपाने, मानक नेपाली व्याकरण र कार्यमूलक लेखन, श्याम ब्रदर्स, विराटनगर
- मोहनराज शर्मा, शब्दरचना र वर्णविन्यास, नवीन प्रकाशन, काठमाडौं ।
- लालानाथ सुवेदी नेपाली बोध र रचना कौशल, हिमालय बुक्स स्टल, काठमाडौं ।
- हेमाङ्गराज अधिकारी, प्रयोगात्मक नेपाली व्याकरण, साझा प्रकाशन, काठमाडौं ।